**तिलोत्तमा नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

मणिग्राम, रुपन्देही, ५ नं प्रदेश, नेपाल

**कार्यपालिका वैठक संख्या १२/०७६/०७७ (७७) मितिः २०७६।०९।२५ गते ।**

**प्रस्तावहरु :**

१) चालु आ.व.को योजना तथा बजेट सम्बन्धमा (पूरक, संशोधन तथा रकमान्तर)।

२) न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा ।

३) चालु आ.व.को कार्यप्रगति सम्बन्धमा ।

४) **"तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन, २०७६"** को दोस्रो संशोधन प्रस्ताव सम्बन्धमा ।

५) तिलोत्तमा नगरपालिकाको **"कृषि समिति (संजाल) कार्यान्वयन कार्यविधि, २०७६"** सम्बन्धमा।

६) विविध ।

क) घरबास कार्यक्रम (होमस्टे) का लागि निर्मित घरहरुको नक्सा पास सम्बन्धमा ।

ख) दुर्घटना खर्च रकम भुक्तानी सम्बन्धमा ।

**निर्णयहरु :**

निर्णय नं.-१

- चालु आर्थिक वर्षको योजना तथा बजेटका सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) **पूरक बजेट** : चालु आ.व.को लागि बजेट पेश गर्दा गत आ.व.को अल्या रु.१ करोड अनुमान गरी कूल बजेट रु.१,५४,३९,१०,०००।- कायम गरी चालु तथा पूँजीगत तर्फ विनियोजित तथा बाँडफाँड गरिएकोमा गत वर्षको अल्या रकम रु.१५०३६९०७६।१८ भई फरक पर्न आएकोले उक्त वढी हुन आएको रकम मिति २०७६/०९/१० गते र २०७६/०९/१८ गतेको कार्यपालिकाको बैठकबाट निर्णय भएका तपसिलका शीर्षकहरुमा विनियोजन गर्ने गरी पूरक बजेट पेश गर्ने, यसरी थप हुन आएको रकम समेत जोडी कूल बजेट कायम गर्ने निर्णय गरियो ।

- चालु आ.व.को लागि बजेट प्रस्तुत हुँदा गत वर्षको अ.ल्या. शीर्षकमा अनुमानित रकम बास्तविक भन्दा फरक भई बचत हुन आउने रकम समावेश गरी कूल बजेट कायम गरी उक्त रकमबाट देहाय बमोजिमका शीर्षकहरुमा देहाय बमोजिम रकम विनियोजन गरी आगामी नगरसभामा पूरक बजेटको रुपमा पेश गर्ने निर्णय गरियो ।

| सि.नं. | शिर्षक | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | परामर्श सेवा शिर्षकमा रकमान्तर | ४५००००० | |
| २ | लगानी सम्मेलन | २८००००० | |
| ३ | अघिल्लो वर्षको भुक्तानी वाँकी | ७९००००० | |
| ४ | युवा स्वरोजगार कार्यक्रम | १००००००० | |

| | | | |
|---|---|---|---|
| ५ | दुग्ध अनुदान नपुग रकम | १३००००० | कृषि शाखा बाट पेश भए बमोजिम |
| ६ | गहुँको बीउ अनुदान नपुग रकम | १३००००० | कृषि शाखा बाट पेश भए बमोजिम |
| ७ | हाट बजार ठेक्का फिर्ता (फिर्ता खर्च) नपुग रकम | २०००००० | |
| ८ | करार कर्मचारी तलब (नयाँ भर्ना सहित) | ५०००००० | |
| ९ | अन्य संघ संस्थासँग साझेदारी कार्यक्रम | ३०००००० | |
| १० | विद्यालय दिवा खाजा कार्यक्रम | ३५००००० | शिक्षा शाखा बाट पेश भए बमोजिम |
| ११ | शैक्षिक संस्था हरुमा पूर्वाधार निर्माण तथा प्रशासनिक खर्च | १३००००० | |
| १२ | बालमैत्री स्थानीय शासन नपुग खर्च | २३००००० | |
| १३ | विविध | ३०,००,००० | |
| **जम्मा** | | ४७९००००० | |

| क्र.सं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | प्रशासनिक भवन पूर्वाधार निर्माण | ११,५००,०००।०० |
| २ | मंगलापुर कान्छिबजार सडक | १०,०००,०००।०० |
| ३ | सेमरा मुडियारी सडक | २,०००,०००।०० |
| ४ | करहिया सामुदायिक वन तारवार | १,५००,०००।०० |
| ५ | वडा न ३ र ४ सिमानाको ड्राइभरटोल डिङ्गरनगर कमाागत | ४,०००,०००।०० |
| ६ | शंकरनगर बाटीका सडक मर्मत कार्य | २,०००,०००।०० |
| ७ | तपाहा लाइन सडक मर्मत | ५००,०००।०० |
| ८ | योगिकुटी देखि हाटबजार सडक मर्मत | ७००,०००।०० |
| ९ | शंकरपुर पुर्व रिगाली रेष्टुरेन्ट हुँदै वनबट्टा पथ थप | १,०००,०००।०० |
| १० | गोरकट्टा चोकवाट १० न जोड्ने सडक मर्मत | १,०००,०००।०० |
| ११ | अंकल किरानादेखि प्रगतीचोक जोड्ने सडक | २,०००,०००।०० |
| १२ | महुवारीदेखि ४ नं.सडक मर्मत | ७००,०००।०० |
| १३ | कान्छीबजार भाटा सडक मर्मत | ७००,०००।०० |
| १४ | महुवारी गाउँदेखि पोखरी सडक मर्मत | १,२००,०००।०० |
| १५ | बुधबारे चौकीडाडा शिवपुर सडक मर्मत | २,०००,०००।०० |
| १६ | कुन्जलापुरुदेखि गनुवाडाडा सडक मर्मत | २,०००,०००।०० |
| १७ | राधाकृष्णपथ कफि कम्पनी पुर्व | १,८००,०००।०० |
| १८ | ३ नं.चोकदेखि बिश्वशान्ती जोडने सडक | ८००,०००।०० |
| १९ | मंगलापुरदेखि पुरानो सडक मर्मत | १,२००,०००।०० |
| २० | प्रभातपथ, शान्ति पथ मर्मत | २,०००,०००।०० |

| | | |
|---|---|---|
| २१ | १६ नं.वडा कार्यालय जाने सडक | ४,०००,०००।०० |
| २२ | लौसिखोला कानपारा सडक स्तरोन्नति | ५,०००,०००।०० |
| २३ | दिपनगर सडक जनभावना बाट बुद्ध सर्किट | २,०००,०००।०० |
| २४ | पशुपति कलेज पूर्वाधार निर्माण | ५००,०००।०० |
| २५ | ज्ञानपुञ्ज पुस्तकालय पूर्वाधार निर्माण | २००,०००।०० |
| २६ | मणिग्राम लुम्बिनी एफ यम अगाडि देवदह मार्ग जोडने् सडक मर्मत | ७००,०००।०० |
| २७ | पश्चिम पहुनी चोकदेखि दक्षिण तर्फको बाटो | २,०००,०००।०० |
| २८ | देविनगर टिकुलीगढ सडक मर्मत (९३० मिटर) | २,०००,०००।०० |
| २९ | दुर्गानगर सियारी सडक मर्मत | २,०००,०००।०० |
| ३० | बनकट्टी चोकदेखि उत्तर मोक्षधाम सडक मर्मत | २,०००,०००।०० |
| ३१ | शिवलाल भुसालको घर देखि जनता मा वि सडक मर्मत | २,५००,०००।०० |
| ३२ | विष्णुभक्त पथ. सडक मर्मत (५४० मिटर) | २,३००,०००।०० |
| ३३ | चादनी मार्ग मर्मत | ११,००,०००।०० |
| ३४ | जनज्योति स्कुल नजिक सडक मर्मत | ८००,०००।०० |
| ३५ | प्रगती पथ मर्मत | २,५००,०००।०० |
| ३६ | केरावारी लाइन मर्मत | १,२००,०००।०० |
| ३७ | भद्रभुमिपथ सडक मर्मत (४९० मिटर) | १,२००,०००।०० |
| ३८ | पशुपति सडक मर्मत | ७००,०००।०० |
| ३९ | वरपिपल पथ मर्मत | ८००,०००।०० |
| ४० | देविस्थान सडक मर्मत | ३,०००,०००।०० |
| ४१ | भलवारी पश्चिम सडक मर्मत | २,०००,०००।०० |
| ४२ | मायादेवि टोलवाट भलवारी थारुगाउ हुदै लोकेटार मार्ग जोड्ने सडक | ८००,०००।०० |
| ४३ | पत्थरडाँडा पूर्व मधवलिया जाने सडक | १५,००,०००।०० |
| ४४ | सखुवानि पश्चिम थारुगाउ जानेसडक | ७००,०००।०० |
| ४५ | गंगौलिया डमरमरुवा सडक | १,५००,०००।०० |
| ४६ | गंगौलिया खेलमैदान माटो पटान | २००,०००।०० |
| ४७ | इलाका प्रहरी कार्यालय मंगलापुर तारबार | १,००,०००।०० |
| ४८ | बाउन्नकोटी गौशाला पूर्वाधार | १,००,०००।०० |
| ४९ | मगर सामुदायिक हल पूर्वाधार, वडा नं.-१३ | ३,००,०००।०० |
| | | ९२,०००,०००।०० |

**ख) योजना/शीर्षक परिवर्तन :** चालु आ.व.मा नगर तथा वडाबाट कार्यान्वयन गर्ने गरी गत नगरसभाबाट स्वीकृत भएका योजनाहरुमध्ये थप व्ययभार नहुने गरी सामान्यतया लाभग्राहीहरुको लागत सहभागिता नघट्ने, उस्तै-उस्तै प्रकृतिका, स्थानीय स्तरमा विवाद नहुने गरी सम्बन्धित वडाबाट सिफारिस भई आएका योजनाहरुलाई संशोधनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.-२

- नगर उप-प्रमुख एवम् न्यायिक समितिका संयोजक श्री जगेश्वर देवी चौधरीद्वारा पेश भएको चालु आर्थिक वर्ष २०७६/०४/०१ गते देखि हालसम्मको न्यायिक समितिको कार्य सम्पादन प्रतिवेदन माथि छलफल गरी अनुमोदन गरियो ।साथै, मेलमिलाप सम्बन्धी कार्यलाई व्यवस्थित गर्न एवम् न्यायिक समितिबाट सम्पादन हुने कार्यमा थप स्पष्टता ल्याउन एक कार्यविधि बनाउने निर्णय गरियो ।

निर्णय नं.-३

- यस नगरपालिकाको कार्यालय, विषयगत शाखा/कार्यालय तथा अन्तर्गतका वडा कार्यालयहरुबाट चालु आ.व.को श्रावण १ गते देखि हालसम्म सम्पादन भएका कार्यहरुको समीक्षा गरियो । साथै, नगरबाट प्रदान गरिने सेवा प्रवाह र विकास निर्माणका कार्यहरुलाई आगामी दिनमा अझ बढी प्रभावकारी बनाउनको लागि सक्रियताका साथ अगाडि बढाउन सम्बन्धित सबै पक्षलाई प्रेरित गर्ने निर्णय गरियो ।

निर्णय नं.-४

- **"तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन, २०७६"** देहाय बमोजिमको दोस्रो संशोधनको प्रस्ताव सम्बन्धमा छलफल गरी अनुमोदनका लागि आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

| क्र.सं. | हालको व्यवस्था | संशोधन गरी कायम हुने | संशोधनको कारण |
|---|---|---|---|
| १ | तिलोत्तमा आर्थिक ऐन, २०७६(प्रथम संशोधन)को दफा ८ को प्रयोजनका लागि अनुसूची ९ को क्र.सं. १३<br>क) ढुङ्गा, गिट्टी, बालुवा प्रति घन फिट<br>ख) माटो प्रति घन फुट<br>ग) दहत्तर बहत्तर प्रति किलो<br>आगामी नगरसभाले तोके बमोजिक हुनेछ । | तिलोत्तमा आर्थिक ऐन, २०७६ (प्रथम संशोधन)को दफा ८ को प्रयोजनका लागि अनुसूची ९ को क्र.सं. १३<br>क) ढुङ्गा, गिट्टी, बालुवा प्रति घन फिट<br>तिनाउ नदिको - रु.१८।-<br>सुखौरा/रोहिणी नदिको- रु. १६।-<br>भस्कट नदिभित्रको - रु. ६।-<br>भस्कट क्रसर उद्योगबाट निस्केको-रु.३।-<br>ख) निजी जग्गाको माटो प्रति घन फुट-रु.२।-<br>ग) दहत्तर बहत्तर प्रति किलो रु.१।- | केही नेपाल ऐन संशोधन गर्न बनेको ऐन २०७५ को दफा ६२ क मा स्थानीय तहले आफ्नो क्षेत्रबाट तोकिएको परिमाणमा ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य पदार्थ विक्री गर्न सक्ने र विक्रीबाट प्राप्त हुने राजश्व स्थानीय तहको संचित कोषमा राख्ने व्यवस्था कायम भएको हुँदा स्थानीय तहले विक्री गर्न पाउने पदार्थको समयानुकूल समायोजन हुने गरी राजश्वको दर तोक्नुपर्ने अवस्था भएकोले। |

निर्णय नं.-५

- तिलोत्तमा नगरपालिकाको **"कृषि समिति (संजाल) कार्यान्वयन कार्यविधि, २०७६"** माथि दफावार छलफल गरी सामान्य परिमार्जन सहित स्वीकृत गरियो ।

निर्णय नं.-६ (क)

- यस नगरपालिकाको वडा नं.-१३ को सेमरीमा रहेको घर बास कार्यक्रम अन्तर्गत सखिया थारु होमस्टे सामुदायिक भवनको नक्सा पास दस्तुर छुट माग भई आएकोले उक्त प्रस्ताव उपर निर्णयका लागि नगरसभामा प्रस्ताव लैजाने निर्णय गरियो ।

निर्णय नं.-६ (ख)

कार्यपालिका वैठक संख्या (६९) मितिः२०७६।०५।०४ गतेको निर्णय नं.-१-१,६ अनुसार मिति २०७६/४/३२ गते तिलोत्तमा नगरपालिकाको लगानी सम्मेलनको प्रचार-प्रसार तथा उद्योगी व्यवसायीहरुसँग अन्तरक्रिया गर्नको लागि कार्यपालिकाको पूर्ववत् निर्णय अनुरुप नगरपालिकाका कर्मचारी, जनप्रतिनिधीहरु लगायतको टोली पूर्वतर्फ जाने क्रममा सप्तरी जिल्लाको कञ्चनरुप नगरपालिकामा भएको सवारी दुर्घटनाका परी घाईते हुनुभएका यस नगरपालिकाका वडा नं. १ का वडाध्यक्ष श्री तामानाथ पाण्डेय, वडा नं १४ का वडाध्यक्ष श्री सोहनप्रसाद चौधरी, तिलोत्तमा चेम्वर अफ कमर्शका अध्यक्ष, झविन्द्र प्रसाद कंडेल (जे.पी.) र सवारी चालक अशोक भण्डारी लगायतका घाईतेहरुको उपचार गर्ने क्रममा हस्पिटलमा भएको खर्चका साथसाथै एम्वुलेन्स, शव वाहान, यातायात खर्च लगायत विविध शीर्षकमा उक्त समितिबाट पेश गरिएको रु.९,४८,३११।- भुक्तानी दिने निर्णय गरियो ।